प.लि.नं. १२७४-६७।६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७०/७१–९०
चलानी नं. : ४५

CDS and Clearing Ltd.

## प्रेश विज्ञप्ती

धितोपत्र कारोबारलाई थप व्यवस्थित गर्न, विद्युतीय माध्यमबाट धितोपत्रको अभिलेख राख्न केन्द्रीय निक्षेप प्रणालीको स्थापना भई मिति २०६८/१०/५ गतेका दिन निक्षेप सदस्यलाई सदस्यता लिन आव्हान गरिएकोमा मिति २०६९/११/११ गते निक्षेप सदस्यताको लागि आवेदन दिएको बैंक अफ काठमाण्डू लिमिटेडको आवश्यक पूर्वाधारहरुको निरीक्षण गरी सञ्चालक समितिको निर्णय अनुसार मिति २०७०/०४/१४ गतेका दिन सिडिएससि र निक्षेप सदस्य बीच सम्झौता गरी निक्षेप सदस्यता प्रदान गरियो । यसरी बैंक अफ काठमाण्डू लिमिटेड समेतलाई गरी निक्षेप सदस्यको संख्या १० (दश) पुगेको छ ।

सम्झौतामा यस लि. का तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुबोध शर्मा सिग्देल र निक्षेप सदस्य बैंक अफ काठमाण्डू लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत अजय श्रेष्ठले हस्ताक्षर गर्नु भयो ।

धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४ को उपनियम (६) अनुसार सूचीकृत रहेका संगठित संस्थाहरुले केन्द्रीय निक्षेप कम्पनीले आफ्नो सेवा सञ्चालनमा ल्याएको एक वर्ष भित्र केन्द्रीय निक्षेप प्रणालीमा धितोपत्र निक्षेप गराई सक्नु पर्ने व्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत २२८ कम्पनीहरु मध्ये हाल २५ कम्पनीहरुले धितोपत्र अभौतिकीकरण आवेदन दिई १४ कम्पनीहरुले सम्झौता गरिसकेको हुँदा बाँकी सूचीकृत कम्पनीहरुलाई उक्त व्यवस्थाको पालना गरी आफ्नो धितोपत्रहरु अभौतिकीकरणका लागि यस लि. मा दर्ता गर्न आवेदन दिई पूंजी बजारको आधुनिकीकरणको प्रक्रियालाई अगाडि बढाउन सहयोग गरिदिनु हुन अनुरोध गर्दै सिडिएससिले पत्राचार गरेको छ ।



मिति : २०७०/०४/१४